# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मोरंग, विराटनगर

## १नं.प्रदेश नेपाल

### सेनेटरी प्याड खरिदको लागि बोलपत्र आव्हानको

### ।।। सूचना ।।।

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७९/०६/26**

१. विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले सर्जिकल सामान खरिद गर्न बोलपत्रको माध्यमबाट यो बोलपत्र आव्हान गर्दछ ।

२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा www.bolpatrao / egp. gov.np मा login गर्न सकिनेछ।

खरिद कर्ता : विराटनगर महानगरपालिका, मोरङ्ग
फोन नं : ०२१.५१४०७०

३. शिलवन्दी बोलपत्र सम्वन्धी कागजात यो सुचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्र हकमा ३० औं दिनसम्म कार्यालय समय भित्र रु.३०००। तिनहजार कृषि विकास बैंक विराटनगरमा रहेको यसमहानगरपालिकाको आम्दानी खातानं. ०६०१६०११४५९७३११३ मा फिर्ता नहुने गरि जम्मा गरेको भौचर ủpload बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

४. इच्छुक फर्म, कम्पनी वा संस्थाले बोलपत्र खरिद गर्दा आ.व. २०७९। ०८० सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, नागरिकताको प्रमाणपत्र र आ.व. २०७७०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु, न.पा. व्यवसाय प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।

५ . बोलपत्र फाराम पेश गर्दा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औ. दिन सम्म दिनको १२ बजे भि www.bolpatrao / egp. gov.np मा uoload गर्नुपर्नेछ । साथै के कामको लागि बोलपत्र फारम पेश गर्न लागिएको हो सो कामको विवरण नाम ठेगाना फोन नम्बर समेत खुलाई पेश गर्नुपर्नेछ ।

६. पेश भएका बोलपत्रहरुको हकमा ३१औं दिन दिनको १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधीहरु र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको उपस्थित नभएमा पनि शिलबन्दि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र दाखिला वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

८. बोलपत्रको साथ यस कार्यालयको कृषी विकास बैंक मुख्य शाखा कार्यालय विराटनगरमा रहेको धरौटी खातानं. ०६०१६०११४५९७३०३२ मा रु.१६५०००। जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट कम्तीमा १२० दिन दिनको मान्यता भएको बैंक ग्यारेन्टी सलग्न राख्नुपर्नेछ ।

९. बोलपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

१०. बोलपत्र फाराममा उल्लेखित सामानको दररेट अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ, ।

११. संलग्न स्पेशिफिकेशन अनुसारको सेनेटरी प्याड सप्लाई गर्नुपर्नेछ सो बमोजिम नभएमा महानगरपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१२ . सप्लाई हुने सेनेटरी प्याकको प्याकिङ्गमा समेत उत्पादन मिति, Expiry ahDate, Batch No. तथा "नेपाल सरकारबाट निशुल्क वितरणको लागि" भन्ने वाक्यांश अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

१३. कार्यालयमा सेनेटरी प्याड दाखिला हुन आउदा कम्तिमा १८ महिनाको Expiry Date वाकी भएको हुनु पर्नेछ ।

१४. सेनेटरी प्याडको स्याम्पल बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१५. स्वीकृत सेनेटरी प्याड कार्यालयको आवस्यकता अनुसार घटी वा बढी लिन सकिनेछ ।

१६. बोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१७. सामान सप्लाई गरेको आधारमा ५% धरौटी, १.५% अग्रिम आयकर, १.५% न.पा. सेवा शुल्क:कट्टा गरी बिल भुक्तानी हुनेछ । धरौटी वापत राखेको र बिल वाट कट्टा भएको धरौटी वापतको रकम ठेक्का अवधि समाप्त भएपछि कर क्लियरेन्सको आधारमा नियमानुसार फिर्ताहुनेछ ।

१८. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ । **बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र खरिद इकाई शाखा सम्पर्क राखी बुझ्न सकिनेछ ।**

**<u>कामको विवरण</u>**

| सि. नं. | प्याकेज नं. | खरिदको प्याकेज | साइज | | फाराम दस्तुत | जमानत रकम | सुचना |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०७९।०८० | सेनेटरी प्याड ६६७८x१०x१६ | २२०±२६० (लम्बाई) | ६० देखि ७५ एमएम (चौडाई) | ३०००। | १६५०००। | ३०दिन |